# बेसीशहर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

## रोजगार संयोजक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

### प्रथम पटक सूचना प्रकाशन मिति: २०८२।०४।१६

यस बेसीशहर नगरपालिका अन्तर्गत रोजगार सेवा केन्द्रमा (प्रधानमन्त्री रोजगार कार्यक्रम) रिक्त रहेको रोजगार संयोजक एक (१) पदमा खुल्ला प्रतिस्पर्धाबाट करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन पेश गर्न यो सूचना प्रकाशित गिरएको छ।

| क्र. सं. | विज्ञापन नं. | पद | तह | पद संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०१-२०८२।८३ | रोजगार संयोजक | स्थानीय सेवाको अधिकृत छैटौं वा सो सरह | १ जना | |

**१. आवश्यक न्यूनतम योग्यता :**

- नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको
- दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको,
- भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको,
- नैतिक पतन देखिने फौजदारी अभियोमा अदालतबाट कसूरदार नठहरिएको,
- आधारभुत कम्प्युटर सिप सम्बन्धि कम्तिमा तीन महिने तालिम लिएको

**२. दरखास्त दिने स्थान:** बेसीशहर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, लमजुङ

**३. दरखास्त दिने अन्तिम मिति:** २०८२।०४।३० गतेका दिन कार्यालय समय भित्र बुझाउनु पर्नेछ।

**४. आवेदन दस्तुर : १,०००।- (एक हजार मात्र)**

**५. छनौटको किसिम:** प्रारम्भिक योग्ताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा

**६. आवेदन साथ संलग्न कागजातहरु:** आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका कागजातहरु

- अनुसूची-१ बमोजिमको ढाँचा फाराम,
- व्यक्तिगत विवरण सहित हस्तलिखित निवेदन,
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,
- न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्रको प्रतिलिपी,
- चारित्रिक प्रमाणपत्रको प्रतिलिपी,
- अनुभव भए अनुभवको प्रमाणपत्रको प्रतिलिपी,
- पासपोर्ट साईजको दुई प्रति फोटो

**७. सेवा सुविधा तथा अन्य:** रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ बमोजिम हुनेछ। (आवेदनको ढाँचा र रोजगार संयोजक पदको कार्यविवरण, पाठ्यक्रम, लगायत पदपूर्ति सम्बन्धी अन्य विस्तृत जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेभसाइट www.pmep.gov.np तथा बेसीशहर नगरपालिकाबाट उपलब्ध हुनेछ।)

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत